# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, मंसीर १७ गते २०३६ साल [संख्या ३२


श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

महेन्द्र राजमार्ग (बुटवल–नेपालगञ्ज) निर्माण समिति (गठन) आदेश, २०३६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "महेन्द्र राजमार्ग (बुटवल–नेपालगञ्ज) निर्माण समिति (गठन) आदेश, २०३६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

"परियोजना" भन्नाले भारत सरकारसंग भएको सम्झौता अनुसार महेन्द्र राजमार्गको बुटवलदेखि नेपालगञ्जसम्म निर्माण गरिने सडकसम्बन्धी परियोजना सम्झनुपर्छ।

३. समितिको गठनः (१) महेन्द्र राजमार्ग (बुटवल–नेपालगञ्ज) निर्माण समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०८

५. समितिको बैठक र निर्णय : (१) समितिको बैठक समितिको अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) यस दफामा लेखिएकोमा बाहेक समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

६. समितिको कोष : (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ :–

(क) श्री ५ को सरकारमार्फत भारत सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारबाट प्राप्त रकम,

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखा र लेखापरीक्षणः (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) परियोजनामा भएको खर्चको त्रैमासिक फाँटवारी भारत सरकारबाट नियुक्त परियोजनाको चीफ इञ्जिनीयरले समितिमा पेश गर्नु पर्नेछ ।

(३) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(४) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजनः समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव, सदस्यहरूको उप-समिति वा परियोजनाको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. श्री ५ को सरकारसंग संपर्कः समितिले श्री ५ को सरकारसंग संपर्क राख्दा निर्माण तथा यातायात मन्त्रालय, सडक विभागमार्फत राख्नु पर्नेछ ।

१०. समितिको कार्यालयः समितिको प्रधान कार्यालय काठमाडौंमा रहने छ र समितिले आवश्यकता अनुसार परियोजना संचालन गरिने क्षेत्रको कुनै ठाउँमा शाखा कार्यालय खोल्न सक्नेछ ।

आज्ञाले–
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) सचिव, निर्माण तथा यातायात मन्त्रालय– अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य

(ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोग– सदस्य

(घ) चीफ इञ्जिनीयर, सडक विभाग– सदस्य

(ङ) सुपरिन्टेण्डेण्ट इञ्जिनीयर, क्वान्टिटी सर्भेइङ्ग महा-शाखा, सडक विभाग– सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको बैठकमा भारतीय सहयोग नियोगका निर्देशक तथा सदस्य (फाइनेन्स एण्ड एकाउण्टस्) र भारत सरकारबाट नियुक्त परियोजनाका चीफ इञ्जिनीयरले सल्लाहकारको रूपमा भाग लिनेछन् ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः श्री ५ को सरकार र भारत सरकारको बीचमा भएको सम्झौताबमोजिम परियोजना सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ र परियोजना सञ्चालनको लागि समितिले देहायको कामहरू गर्न सक्नेछः–

(क) भारत सरकारबाट नियुक्त चीफ इञ्जिनीयर वा निजको प्रतिनिधिको परामर्श लिई निर्माण कार्यक्रमको विस्तृत योजना तयार पारी कार्यान्वयन गर्ने,

(ख) परियोजनाको कार्यान्वयन भए नभएको रेखदेख गर्ने,

(ग) परियोजना सञ्चालनको निमित्त आवश्यक पर्ने जग्गा प्रचलित कानूनबमोजिम प्राप्त वा अधिग्रहण गर्न श्री ५ को सरकारलाई अनुरोध गर्ने,

(घ) परियोजना सञ्चालन गर्नको निमित्त आवश्यक मालसामान खरीद गर्ने वा मगाउने र टुटफुट भएको वा बिग्रेको मालसामान लिलाम बिक्री गर्ने वा मिन्हा दिने,

(ङ) परियोजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने,

(च) परियोजनाको प्रगति विवरण प्रत्येक तीन तीन महीनामा श्री ५ को सरकारले तोकेको ढाँचामा श्री ५ को सरकारलाई उपलब्ध गराउने,

(छ) परियोजनाको कार्य प्रगतिको वार्षिक प्रतिवेदन प्रकाशित गर्ने,

(ज) परियोजना सञ्चालनको निमित्त आवश्यक पर्ने अन्य कार्यहरू गर्ने ।

80

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४१०

२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।